उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश, नेपाल (Bagmati Province , Nepal)

प.स(Ref. No.) २०८२/०८३
च.न.(Dispatch No.)

मितिः२०८२/०४/२९

## बाबुआमा विहीन बालबालिका संरक्षणको लागि उत्तरगया गाउँपालिकाद्धारा जारी सूचना !!

बाबुआमा विहीन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत बाबुआमा दुवै गुमाएका बालबालिकाहरुको लागि शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चतता गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले कानून बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपसिलमा योग्यता पुगेका बालबालिकाहरु यस सूचनामा उल्लिखित कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले यस उत्तरगया गाउँपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**भत्ता प्राप्त गर्न योग्य बालबालिकाः**

- बाबु र आमा दुवैको मृत्यू भएको,
- १८ वर्ष उमेर पूरा नगरेको,
- ५ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको,
- उल्लिखित योग्यता पूरा गरी यस मार्गदर्शन बमोजिम बाबुआमा विहिन बालबालिकाको रुपमा स्थानीय तहमा दर्ता भएको ।

**आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः**

- जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि(नागरिकता भएमा नागरिकताको प्रतिलिपि),
- बाबु र आमा दुवैको मृत्यू दर्ताको प्रतिलिपि,
- विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र(५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र)

(पुनश्चः यस अघि भत्ता प्राप्त गरेका बालबालिकाहरुले पनि माथि उल्लिखित कागजात सहित अनिवार्य रुपमा नविकरण गराउनुपर्नेछ। तोकिएको समय अवधिमा नविकरण नगरी सो सुविधाबाट बञ्चित भएमा कार्यालय जवाफदेहि हुने छैन ।)

२०८२/०४/२९

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत